# पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

**पाख्रीबास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालयको**

पाख्रीबास, धनकुटा
कोशी प्रदेश, नेपाल

# पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

पाख्रीबास नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/०५

मिति २०८२/०१/०५ गते पाख्रीबास नगर कार्यपालिकाबाट पारित भई प्रमाणिकरणको लागि पेश भएको पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ प्रमाणित गर्दछु ।

प्रमाणिकरण मितिः २०८२/०१/०५

.............................................

नामः ज्ञान बहादुर गुरूङ

पदः नगर प्रमुख

पाख्रीबास नगरपालिका

नगरकार्यपालिका कार्यालय पाख्रीबास धनकुटा

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०१/०५

# पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधी, २०८१

**प्रस्तावनाः** पाख्रीबास नगरपालिका क्षेत्रमा पशुपालन गरिरहेका किसानहरुको पशुपालनको क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्युनीकरण गरी बीमा प्रवर्धन गर्न र नेपाल सरकारले ल्याएको कृषि तथा पशुपन्छी बीमामा यस क्षेत्रका किसानहरुलाई आकर्षित गर्न वाञ्छनीय देखिएकोले "स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२" ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

## परिच्छेद—१
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "पशु बीमा कार्यक्रम सञ्चालन कार्यविधी, २०८१" रहेको छ ।

(ख). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले पाख्रीबास नगरपालिका सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले पाख्रीबास नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले पाख्रीबास नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पाख्रीबास नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "विषयगत समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको कार्य सम्पादन नियमावली, २०७४ बमोजिम कार्यपालिकाबाट गठन भएको समितिलाई सम्झनु पर्छ ।

(छ) "कार्यक्रम" भन्नाले पशु बीमा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ज) "अनुगमन तथा मुल्याङ्कन समिति " भन्नाले पाखीबास नगरपालिकाको अनुगमन समिति वा सो कार्य गर्नका लागि तोकिएको समितिलाई सम्झनु पर्छ ।

(झ) "अनुदानग्राही" भन्नाले पशुपालन गर्ने कृषक, उद्यमी, समूह, सहकारी, प्रा.लि./फर्म/कम्पनी/ वित्तीय संस्थाबाट कर्जा लिइ पशुपालन गर्ने व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

(ञ) "पशुपालन" भन्नाले बंगुर, गाई, भैंसी, बाख्रा पालन आदिलाई सम्झनु पर्छ ।

(ट) "अनुदान" भन्नाले यस कार्यविधि बमोजिम पाखीबास नगरपालिकाले प्रदान गर्ने बीमा प्रिमियम बापतको अनुदान रकम लाई सम्झनु पर्छ ।

## परिच्छेद—२
## कार्यक्रमको उदेश्य, कार्यक्षेत्र, लाभग्राही र अनुदान सम्बन्धी व्यवस्था

३. **कार्यक्रमको उद्धेश्यः** यस कार्यक्रमको उदेश्य देहाय बमोजिम रहेको छः

(क) पशुपालन गर्ने किसानहरुलाई पशुपालनमा हुने जोखिमलाई न्युनिकरण गर्ने ।

(ख) नेपाल सरकारले ल्याएको कृषि तथा पशुपन्छीं बीमामा किसानहरुलाई आकर्षित गर्ने ।

४. **कार्यक्षेत्रः** पाखीबास नगरपालिकाका अन्तर्गतका १ देखि १० नं. सम्मका वडाहरु सबै ।

५. **लाभग्राहीः** यस कार्यक्रममा पशुपालक कृषक, उद्यमी, समूह, सहकारी, प्रा.लि., फर्म/कम्पनीहरु र वित्तीय संस्थाबाट कर्जा लिई पशुपालन गर्ने व्यक्ति वा समूहहरु लाभग्राही हुनेछन् ।

६. **अनुदान सम्बन्धी व्यवस्थाः** पशु बीमा कार्यक्रम देहायका प्रक्रियाहरु पुरा गरी अनुदान प्रदान गरिने छ ।

६.१ **सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेः** पशु बीमा कार्यक्रमको लागि सबै सरोकारवाला पक्षको जानकारीको लागि सार्वजनिक सूचना पाखीबास नगरपालिकाले प्रकाशित गर्नुपर्नेछ ।

६.२ **<u>आवश्यक कागजातहरु:</u>** पशु बीमा कार्यक्रममा अनुदान प्राप्तिका लागि तपसिल बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ:

(क) निवेदन र नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) पशु बीमाको प्रिमियम बापत भुक्तानी गरेको बिल वा रसिदको सक्कलै कागजात ।

(ग) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(घ) समूह, सहकारी, फर्म, प्रा.लि., कम्पनी भए दर्ता प्रमाण पत्रको प्रतिलीपि ।

६.३ **<u>स्थलगत अनुगमन तथा सिफारिस समिति:</u>**

लाभग्राहीहरुबाट पेश भएका निवेदनहरुको बारेमा स्थलगत अनुगमन गरी बीमाको अनुदान प्रदान गर्न देहाय बमोजिमको स्थलगत अनुगमन तथा सिफारिस समिति गठन गरिनेछ ।

१. संयोजकः आर्थिक विकास समिति संयोजक

२. सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख

३. सदस्यः सम्बन्धित बिमा कम्पनीको प्रतिनिधी

४. सदस्य-सचिवः पशु सेवा शाखा प्रमुख

६.४ **<u>स्थलगत अनुगमन तथा सिफारिस समितिको काम, कर्तब्य र अधिकार:</u>** स्थलगत अनुगमन तथा सिफारिस समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) पशुपालन बीमाको अनुदानका लागि प्राप्त निवेदनको स्थलगत अनुगमन गर्ने,

(ख) बीमा अनुदानका लागि निवेदन दिएका लाभग्राहीहरुले पेश गरे बमोजिम पशुपालन गरे/नगरेको यथार्थ अवस्थाको अनुगमन गर्ने ।

(ग) प्राप्त भएका निवेदन उपर छानविन गरी प्रतिवेदन तयार गर्ने ।

(घ) सबै प्रक्रिया पुरा भएका निवेदकहरुलाई बीमा अनुदान भुक्तानीका लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

६.५. **पशुपालन व्यवसाय तथा क्षेत्रः** बीमा अनुदान कार्यक्रम अन्तर्गत ठुला गाई, भैंसी, बीऊको राँगा र साँढे पालनको क्षेत्रमा अनुदान प्रदान गरिनेछ ।

६.६. **पशुपालन बीमाको अनुदानको प्रतिशत र भुक्तानी प्रक्रियाः**

(क) पशु बीमा कार्यक्रम अन्तर्गत पशुपालक कृषक, उद्यमी, समूह, सहकारी, प्रा.लि., फर्म/कम्पनी, वित्तीय संस्थाबाट कर्जा लिइ पशुपालन गर्ने कृषकहरुले नयाँ पशु बीमा प्रिमियम र नवीकरण गरे बापत बीमा कम्पनी लाई भुक्तानी गरेको रकमको शत प्रतिशत अनुदान नगरपालिकाको तर्फबाट प्रदान गरिनेछ ।

(ख) पशु बीमा बापत भुक्तानी गर्ने अनुदान बापतको रकम बैंक खाता मार्फत भुक्तानी हुनेछ।

## परिच्छेद–३
## अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्था

७. **अनुगमन मुल्याङ्कन सम्बन्धी व्यवस्थाः**

यस कार्यक्रमको प्रभावकारिताको बारेमा अनुगमन मुल्याङ्कन गरी कार्यक्रमलाई आगामी वर्षमा समेत निरन्तरता प्रदान गर्ने सम्बन्धमा सुझाव प्रदान गर्न देहाय बमोजिमको नगरपालिका स्तरीय अनुगमन मूल्यांकन समिति रहनेछः

देहायः

(क) नगर उप–प्रमुख — संयोजक

(ख) आर्थिक विकास समिति संयोजक — सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(घ) पशुसेवा शाखा प्रमुख — सदस्य-सचिव

## परिच्छेद—४

## विविध

९. **निवेदनको ढाँचाः** यस कार्यक्रम संचालन गर्नका लागि माग गरिने आवेदनको ढाँचा अनुसूची १ बमोजिम हुनेछ ।

१०. **पारदर्शिताः** पशु बीमा बापत अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण नियमित रुपमा कार्यालयको पशुसेवा शाखामा अभिलेख राखिनेछ ।

११. **अभिलेख सुरक्षित राख्नु पर्नेः** बीमा बापत अनुदान प्रदान गरिएका लाभग्राहीहरुको विवरण नगर पशुसेवा शाखाले सुरक्षित रुपमा राख्नु पर्नेछ ।

१२. **बाधा अडकाउ फुकाउन सक्नेः** यस कार्यविधिमा भएको व्यवस्थाको संशोधन वा थपघट, हेरफेर गरी बाधाअड्काउ फुकाउन सक्ने अधिकार नगर कार्यपालिकालाई मात्र हुनेछ ।

<u>अनुसुची-१</u>
<u>(कार्यविधिको दफा ७.२(ख) सँग सम्बन्धित)</u>

मितिः..............................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
पाख्रीबास नगर कार्यपालिकाको कार्यालय
पाख्रीबास धनकुटा ।

विषयः पशु बीमा प्रिमियम बापतको अनुदान रकम भुक्तानी पाउँ बारे ।

उपरोक्त सम्बन्धमा तहाँ कार्यालयको मिति ................................को सुचना अनुसार पशु बीमा कार्यक्रम अनुसार मैले पालेको पशुको बीमा गरिसकेको हुँदा पशु बीमा प्रिमियम बापतको अनुदान रकम भुक्तानी पाउँ भनी तपशिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

<u>तपशिलः</u>

१. समूह, सहकारी, फर्म, प्रा.लि. वा कम्पनीहरुको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
२. पशु बीमा पोलिसीको सक्कल कागजातको प्रतिलिपी ।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
४. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

<u>निवेदक</u>

हस्ताक्षर............................

नामः............................................
पदः.............................................
संस्थाको नामः..................................
...................................................
ठेगानाः पाख्रीबास-..... धनकुटा।
सम्पर्क नं...........................